भाग १

# पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १५

मिति २०११।४।१५।६

शिक्षामन्त्रालय —अन्तर्गत सरकारी इन्टर कलेजहरूका निमित्त गणित तथा संस्कृत, नेपालीका २ जना लेक्चरर चाहिएका छन्। उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरा २०११ साल आश्विन १७ गते रोज १ सम्ममा तलको ठेगानामा दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदका विवरण यस प्रकार छन्:—

१. पद:—लेक्चरर, गजेटेड, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यता:— एक जना गणितमा एम्. ए. र अर्को संस्कृतमा एम. ए. अथवा संस्कृतमा आचार्य वा शास्त्री पास गरी ग्रेजुएट भएको। सेकेण्ड क्लास एम्. ए. लाई विशेष ग्राह्यता दिइनेछ।

३. मासिक वेतन स्केल :—मो. रु. १८०।—३६०।

४. मासिक महँगी भत्ता :—मो. रु २०।

५. अभ्यास अवधि :—६ महिना।

६ काम:—एक जनाले गणित तथा अर्कोले संस्कृत र नेपाली पढाउने।

आज्ञाले—

खड्गमान मल्ल, एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

# पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १६

१८—४—०११

शिक्षामन्त्रालय- अन्तर्गत त्रिचन्द्र कलेजलाई अंग्रेजीका १, इकनमिक्सका २ र कमर्सका २ जम्मा पाँचजना लेक्चरर चाहिएका छन् । उमेदवारहरूले प.स.क. फाराम नं. १ (२०१०) मा भरी २०११ साल आश्विन १७ गते रोज १ सम्ममा तलको ठेगानामा दरखास्त दिनुहोला । दरखास्त फारामको नमूना प्रत्येक हुलाक गद्दी, गौंडा, गोस्वाराका पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छन् :—

१. पद :—लेक्चरर, गजेटेड,स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता :–तत्तद् विषयमा एम्. ए. पास भएका । सकेसम्म पहिला अथवा दोस्रा क्लासमा उत्तीर्ण भएकालाई विशेष ग्राहयता दिइनेछ ।

३. मासिक वेतन स्केल:—नयाँ पे--स्केलबमोजिम पाउने।हाललाई मो.रु. १८०।

४. मासिक महँगी भत्ता: - मो. रु. २०।

५. अभ्यास अवधि:— ६ महिना ।

६. काम:—आई. कम्., बी. कम् क्लासमा पढाउने ।

आज्ञाले—
खड्गमान मल्ल एम. ए.
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन.
सिंहदरबार, काठमाडौं, नेपाल.

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि